(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित )

जि.प्र.का.दर्ता न ५८/२०६३

# सहिद साप्ताहिक

SAHID WEEKLY

लोक सेवा आयोगको प्रतिबद्धता

योग्यता, स्वच्छता र निष्पक्षता

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना विभाग

वर्ष १५, अंक ११, पृष्ठ-६ नेसं. ११३८ तछला थ्व:, द्वितीया, वि. सं. २०७५ असार १ गते शुक्रबार JUN. 2018 मूल्य रू. ५।-

## काठमाडौंमा मूल्यवृद्धि विरुद्ध जुलुस

काठमाडौं । सरकारले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिको विरोधमा नेपाल क्रान्तिकारी विद्यार्थी संघ र नेपाल क्रान्तिकारी युवा संघले शुक्रबार काठमाडौंमा विरोध जुलुस तथा कोणसभा गऱ्यो। सुनधाराबाट सुरु भएको विरोध जुलुस भोटाहिट्टी चोक पुगेर कोणसभामा परिणत भएको थियो । जुलुसमा सहभागी युवा-विद्यार्थीहरुले बढ्दो महङ्गी नियन्त्रण गर-भ्रष्टाचारीलाई कारवाही नियन्त्रण गर, पेट्रोलियम पदार्थमा मूल्यवृद्धि फिर्ता गर, आयल निगमका भ्रष्ट कर्मचारीलाई कार्यबाही गर, भारतबाहेक अरु देशबाट तेल आयातको बन्दोबस्त गर, नक्कली कम्युनिष्ट सरकार होशियार आदि नारा लगाएका थिए ।




भोटाहिट्टीमा आयोजित कोणसभामा बोल्दै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला अध्यक्ष नारायण महर्जनले संशोधनवादी ओली सरकारको समृद्धिको सपना जनता छक्याउने चालमात्र भएको बताउनुभयो ।

भारतीय आयल निगमबाहेक अन्य देशबाट पनि तेल आयात गर्ने बन्दोबस्त नगरेकोमा सरकारप्रति आक्रोश पोख्दै उहाँले ओलीको 'राष्ट्रवाद' व्यवहारमा झुठो प्रमाणित भएको बताउनुभयो ।

'भारतीय विस्तारवाद र एकाधिकार पूँजीको विरोधमा संघर्ष गर्नु अहिलेको आवश्यकता हो', महर्जनले भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवं प्रदेश सभा सदस्य सृजना सैंजूले पञ्चायतकालमा आयल निगमभित्र हुने भ्रष्टाचारको पैसा राजदरबारमा पुगेजस्तै गणतन्त्रमा शासक दलका नेताहरुको दरबारमा निगमको घोटालाको पैसा पुगेको हुनसक्ने बताउनुभयो ।

क्रमशः पृष्ठ ४ मा

## कीर्तिपुरमा कीपू बस सेवा संचालन




कीर्तिपुर । कीर्तिपुरमा कीर्तिपुर मिनिबस सेवा समिति, कीर्तिपुर यातायात सेवा कं.लि., चम्पादेवी यातायात सेवा संचालन गरी सेवा दिइरहेको थियो । अहिले नेपाल सरकारले यातायात क्षेत्रमा सिन्डिकेट खारेजसँगै कीपू बस सेवा जेठ २२ गते संचालनमा आएको छ ।

कीर्तिपुर यातायात सेवा कं.लि.मा रुट परमिट लिई संचालनमा रहेका २० वटा बस कीपू बस सेवामा आवद्ध भएका छन् भने यातायात कम्पनीमा अब शेयर सदस्य भई कम्पनीले किनेका केही बसहरु मात्र बाँकी छन् ।

कीपू बस सेवाको स्रोतका अनुसार शेयरसदस्य नभएका गाडिवालाहरु पुरानो यातायातबाट अलग भई सेवा दिन थालेको हो ।

निकट दिनमै नयाँ १० वटा बस थपेपछि महाराजगन्ज, गंगालाल अस्पतालसम्म सेवा बिस्तार गर्ने योजना रहेको जनाएको छ ।

कीपू बस सेवा यातायात व्यवस्था कार्यालयबाट अनुमति पत्र नं. १२१७ मा दर्ता रहेको छ ।

## चन्द्रागिरीमा मार्क्स दिवस

चन्द्रागिरी । विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सको २०० औं जन्म दिवसको वअसरमा नेपाल क्रान्तिकारी विद्यार्थी संघ चन्द्रागिरी नगर समितिको आयोजनामा शनिबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले मार्क्सवादी विचारकै कारण प्रजग कोरिया र क्युवाजस्ता समाजवादी देशहरुले संरा अमेरिका नेतृत्वको साम्राज्यवादी मोर्चाको सामना गर्ने साहस गरिरहेको बताउनुभयो ।




युवा-विद्यार्थीहरुलाई आफ्नो पाठ्यपुस्तकबाहेक अरु पुस्तकरु पनि अध्ययन गर्न सल्लाह दिँदै उहाँले जीवनको हरेक पाइलामा अधययनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।


हरेक जनविरोधी शासक र व्यवस्थालाई जनताको संघर्षले ठेगान लगाएका ऐतिहासिक प्रसंगको चर्चा गर्दै महर्जनले ससतो लोकप्रियताको लागि जनताबीच भ्रमको खेती गर्ने सरकारहरु लामो समय टिक्न नसक्ने बताउनुभयो ।

क्रमशः पृष्ठ ४ मा

## का.रोहितको अन्तरवार्ता

हालै सम्पन्न उत्तर कोरिया र अमेरिकाबीच सिंगापुरमा भएको शिखर वार्ता लगायत विविध विषयमा गरेको अन्तरवार्ता यहाँ प्रस्तुत छ ।

- 'प्रजग कोरियाले इराक र लिवियाको गल्ती दोहोऱ्याउने कल्पना गर्न सकिन्न'
- एक समाजवादी देशसँगको अन्तर्राष्ट्रिय सम्बन्ध संरा अमेरिका र प्रजग कोरियाको कूटनैतिक सम्बन्ध पछि पनि दुई देशको सम्बन्ध र ऐक्यबद्धता अगाडि बढ्दै जानेछ ।
- समाजवादी व्यवस्था कुनै देशसँग कूटनैतिक सम्बन्धमा आधारित हुने नभई हरेक देशको व्यापक जनताको मन र मस्तिष्कले रोज्ने राजनैतिक र सामाजिक व्यवस्था हो ।


अध्यक्ष, नेमकिपा

## विश्वकप फुटबल सुरू: आयोजक रसा पहिलो खाता खोल्न सफल

फिफा विश्वकप फुटबल प्रतियोगिता बिहिबारबाट रसाको राजधानी मस्कोको लुझिनकी स्टेडियममा नेपाली समयानुसार ८:४५ बजे सुरु भएको थियो ।

उद्घाटन खेल आयोजक राष्ट्र रसा र साउदी अरेवियाबीच भएको थियो ।

अर्जेन्टिनाका रेफ्री नेस्टर पिटानाले सिठी फुकेसँगै सुरु भएको खेलमा रसाका ८ नं. खेलाडी युरी गाजिन्सिकीले खेलको १२ औं मिनेटमा गोल गरी अग्रता दिलाएको थियो ।

सोही क्रममा जर्सी नं. ६ का डेनिसले ४३ औं मिनेटमा गोल गरेका थिए । मध्यान्तरपछि ७१ औं मिनेटमा अर्तेम ज्यूवा, ९१ औं मिनेटमा डेनिस चेरिसेभ र अन्तिम ९४ औं मिनेटमा अलेक्जेण्डर

FIFA WORLD CUP RUSSIA 2018

गोलेभिनले गोल गरी ५-० को फराकिलो अन्तरले साउदी अरेवियालाई पराजित गरेको थियो ।

खेल सुरु हुनु भन्दा अगाडि रसाका राष्ट्रपति भ्लाडिमिर पुटिन, फिफाका अध्यक्ष जियानी इन्फटिनोले सम्बोधन गरेका थिए ।

उद्घाटन कार्यक्रममा संगीतका अन्तर्राष्ट्रिय स्टार रोवि विलियमस्, रुसी स्टार आइडा गारिफुलिनाले सांगीतिक प्रस्तुति थियो।







फोटो: रियुटर्स





**ऐतिहासिक जनआन्दोलन २०४६ चैत्र २० गते शहादत अमर सहिद**


लनबहादुर महर्जन
वि सं. २००६ माघ


हिराकाजी महर्जन
वि सं. २०१७ माघ


राजमान माली
वि सं. २०२५ मंसिर


राजेन्द्र महर्जन
वि.सं. २०३० चैत


# सहिद साप्ताहिक

**वर्ष १५, अंक ११, २०७५ असार १ गते शुक्रबार**

**शंखापुर प्रकाशन समूहको लागि**

सम्पादक/प्रकाशक: नारायण महर्जन
कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप
सम्पर्क कार्यालय: जहुँ हिटी युवा क्लव - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२
E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com
www.kipushahid.blogspot.com
मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं


## सम्पादकीय...

### विकासको नाममा सम्पदा म्हास्न मिल्दैन

*नेपाल सरकारले केही वर्षदेखि बाटो बिस्तारको नाममा स्थानीयलाई मर्का पार्ने काम भैरहेको छ ।*

*विकास विरोधी कोही हुन सक्दैन तर विकासको नाममा विनाश हुन्छ र गर्न खोज्छ भने विरोध हुनु स्वभाविकै छन् ।*

*स्थानीयले बाटो बिस्तारमा सहमति जनाउन सक्छ ताकि बाटो परेका घरधनीलाई सरकारले न्यायोचित क्षतिपूर्ति र मूआब्जा दिनुपर्दछ ।*










*तर यहाँ क्षतिपूर्ति र मुआब्जा होइन प्रहरी प्रशासन लगायर दमन गर्ने काम समेत सरकारले गरिरहेका छन् ।*

*हालै मात्र ललितपुर लगनखेलस्थित वतुक भैरव मन्दिरको पर्खाल भत्काई बाटो फराकिलो पार्न खोजेको थियो । धार्मिक र सांस्कृतिक रुपले अति महत्वपूर्ण रहेको सो मन्दिरको पर्खाल र सम्पदा बचाउन स्थानीयले आन्दोलन गरेको थियो ।*

*आकस्मिक रुपले सम्पदामाथि हस्तक्षेप गर्नु भनेको सरकार सांस्कृतिक सम्पदाको महत्व नबुझेको महसुस सबैले गरेका छन् ।*

*सांस्कृतिक, ऐतिहासिक महत्व बोकेका सम्पदा नष्ट नगरी काठमाडौ उपत्यका सांस्कृतिक सहरलाई यथावत राख्नु जरुरी छ ।*

# प्रतिनिधिसभाको आश्चर्यजनक गतिविधि

**प्रज्ज्वल**

### निलम्बन र समिति संख्या लेनदेन

जेठ २५ गतेको बैठकमा प्रतिनिधिसभा नियमावली, २०७५ बहुमतबाट पारित गरियो । नियमावलीमा तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा पुर्पक्षको लागि थुनामा रहेको अवधिभर सांसद निलम्बन हुने साविकको प्रावधानलाई हटाइयो । साविक नियमावली २०६५, २०७० र २०७२ मा थुनामा रहेको अवधिभर सदस्य निलम्बन हुने प्रावधान हटाइएकोमा सर्वत्र विरोध छ । संसदलाई अपराधीको थलो बनाउनुहुँदैन । भारतको संसदमा पचास प्रतिशत सांसद एक न एक अपराधमा लागेको समाचार प्रकाशित भइरहेको छ । नेपालमा त्यही रोग सर्दैछ । अपराधीहरूले निर्वाचनमा धेरै पैसा खर्च गरेर जित्ने भएकाले पनि नैतिक पतन देखिने फौजदारी मुद्दामा पुर्पक्षको लागि थुनामा परेका सांसदहरू निलम्बन हुने प्रावधान आवश्यक छ । नेपालको कानुनमा फौजदारी अभियोग लागेकाहरू उम्मेदवार हुन नपाउने प्रावधान छैन । नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट फैसला भई सजाय पाएका मात्र उम्मेदवार हुन नपाउने प्रावधान छ । यसकारण नैतिक पतन देखिने फौजदारी कसूरमा अभियोग लागेका वा पुर्पक्षको लागि थुनामा रहेका वा फरार रहेका समेत उम्मेदवार हुन नपाउने कानुनी प्रावधान आवश्यक छ । संसदको बहुमतबाट अपराधीको अभियोग लागेका सदस्य निलम्बन नहुने नियमावली पारित गरेको हुँदा नेपाल मजदुर किसान पार्टीले उक्त नियमावलीको विपक्षमा मत दियो । राष्ट्रिय जनमोर्चाले पनि विपक्षमा मत दिएको थियो । एमाले र माओवादी केन्द्र एकीकरणपछिको नेपाल कम्युनिष्ट पार्टी (नेकपा), प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेस, सत्तापक्षकै सङ्घीय समाजवादी फोरम (उपेन्द्र यादव), प्रतिपक्षी राष्ट्रिय जनता पार्टी (महन्थ ठाकुर), नयाँ शक्ति पार्टी ( बाबुराम भट्टराई) र राप्रपा ( राजेन्द्र लिङ्डेन) ले नियमावलीको पक्षमा मत दिए । लिङ्डेनले छलफलमा त्यस्ता सदस्य निलम्बन हुन पर्ने विचार राखे पनि निर्णयमा मौन समर्थन गरेका थिए ।

प्रतिनिधिसभाको पहिलो अधिवेशनको दोस्रो दिन २०७४ फागुन २२ गतेको बैठकमा एक महिनाभित्र कार्य सम्पन्न गर्ने गरी तेन्ह सदस्यीय मस्यौदा समिति गठन भएको थियो । समितिको पहिलो बैठकमा सचिवालयबाट पेश भएको मस्यौदामा तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा कैद बस्नुपर्ने अवधिभर सदस्यलाई सभामुखले निलम्बन गर्नुपर्ने उल्लेख थियो । यही प्रावधानलाई सत्ता पक्ष र प्रमुख प्रतिपक्षाले सहमतिमा नियमावली पारित गर्ने निहुँमा पुर्पक्षको लागि थुनामा रहेको सदस्यलाई कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त नहुनेमा सीमित गरे भने निलम्बन हुने प्रावधान हटाए ।

सदस्य निलम्बन नहुने प्रस्ताव मस्यौदा समितिमा नेकाले उठाएको थियो । यसलाई राजपा र फोरमको पनि समर्थन थियो । पछिल्लो बैठकमा माओवादी केन्द्रले पनि समर्थन गर्‍यो । नेकाको तर्क थियो- एमाले-माओवादी केन्द्रको झण्डै दुईतिहाइ बहुमतको सरकारले राजनीतिक पूर्वाग्रह राखी कुनै पनि सदस्यलाई तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोग पत्र दायर गरी पुर्पक्षको लागि थुनामा राख्न सक्ने सम्भावना भएकोले सदस्य निलम्बन हुने प्रावधान राख्नुहुँदैन । अदालतले अन्तिम फैसला गरी कैद सजाय तोकेमात्र सदस्य निलम्बन हुने प्रावधान राख्नु उपयुक्त हुन्छ । यो आशङ्काले पुँजीवादी व्यवस्थामा सरकार कति क्रुर हुन्छ भन्ने देखाउँछ ।
एमाले र माओवादी केन्द्रले प्रतिनिधिसभाको विषयगत समिति सङ्ख्या सातलाई दश बनाउने प्रस्ताव गरे । नेकाले पुर्पक्षका लागि थुनामा रहेका सदस्य निलम्बन हुने प्रावधान हटाइए समितिको सङ्ख्या बढाउँदा आपति नहुने बतायो । अन्ततः २०७५ जेठ २५ गतेको बैठकमा पुर्पक्षका लागि थुनामा रहेका सदस्य निलम्बन नहुने तर समिति सङ्ख्या दश कायम हुने गरी नियमावली बहुमतबाट पारित गरियो ।

संविधानको धारा १०३(६) मा सदस्य निलम्बनको प्रावधान नभएको हुँदा निलम्बनसम्बन्धी सङ्घीय कानुन ल्याउने एमाले, नेका, माओवादी केन्द्र, राजपा, फोरमको दाबी थियो । एमालेका सांसदहरू दामोदर भण्डारी, नरबहादुर धामी र भैरवबहादुर सिंहले संयुक्त रुपमा फौजदारी अभियोगमा पुर्पक्षका लागि थुनामा परेका सदस्यहरू निलम्बन हुनुपर्ने संशोधन राखेका थिए । तर त्यो संशोधन फिर्ता गरियो । जेठ २१ गतेको प्रतिनिधिसभा बैठकमा नियमावली मस्यौदा पारित गर्ने कार्यसूची राखियो तर निलम्बनबारे सहमति नहुँदा कार्यसूचीबाट हटाइएको थियो । जेठ २७ गतेदेखि विनियोजन विधेयक, २०७५ को विभिन्न शीर्षकमाथि छलफल गर्ने कार्यसूची थियो तर सरकारले मन्त्रालयका विकास कार्यक्रमसम्बन्धी बजेट सदस्यहरूलाई जानकारी नगराएको विषय बैठक सुरु हुनुअघि नै उठ्यो । उक्त दिन विशेष समयमा सदस्यहरूले बोल्ने कार्यक्रम थियो र जेठ २८ गते सोमबार ११ बजे बस्ने गरी बैठक स्थगित भयो । मन्त्रालयको विकास बजेट तयारी नहुने भएपछि आइतबार साँझ ४ बजे नै जेठ २८ गते ११ बजेलाई स्थगित गरिएको बैठक जेठ ३० गते ११ बजे बस्ने गरी स्थगित गरियो ।

जेठ २७ गते दिउँसो १२:४५ बजे अर्को सूचना सदस्यहरूलाई दिइयो । त्यो सूचना थियो - जेठ २८ गते दिउँसो १ बजे प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठक बस्ने । जेठ २८ गते दिउँसो १२ बजे सङ्घीय संसद भवनमा सदस्यहरूको उपस्थितिमा हस्ताक्षर सुरु भयो । नियमावलीमा संयुक्त बैठक प्रतिनिधिसभाको सभामुखले बोलाउन नपाउने बरु जेठ २७ गतेको प्रतिनिधिसभा बैठकमा सूचना गरेको भए हुने विषय उठ्यो । जेठ २८ गते दिउँसो १२:४५ बजे सङ्घीय संसदको दिउँसो १ बजे बस्ने संयुक्त बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरियो । राष्ट्रियसभाले जेठ २७ गतेको बैठकमा जेठ २८ गते दिउँसो १ बजे संयुक्त बैठक बस्ने सूचना गरिसकेको थियो । यसले एउटै महासचिव भएर पनि संयुक्त बैठक बस्नेबारे तारतम्य नभएको देखियो । प्रतिनिधिसभाको दोस्रो बैठकमा २०७४ फागुन २२ गते अन्तरिम कार्यविधि विना छलफल पारित गरिएकोले पनि यो सङ्कट निम्तिएको हो । त्यसबेला नेमकिपाको तर्फबाट नियमापत्ति भएको थियो ।

### विकास कार्यक्रमबिना छलफलको तयारी

सांसदहरूको जिम्मेवारी नीति तथा कार्यक्रम, बजेट, विधेयक र सन्धि-सम्झौतामा देश र जनताको हितमा राय दिने हो तर सत्तापक्षका सांसदहरू आ-आफ्नो क्षेत्रमा योजना पार्न मन्त्रालय धाउने यस पटक पनि चालू भयो । सत्तापक्षका अधिकांश सांसदहरूले आफ्नो क्षेत्रको योजना लेखेर अर्थमन्त्रीलाई थम्याएका थिए । प्रमुख प्रतिपक्ष नेकाका कति सांसदहरूले आफ्नो क्षेत्रको योजना लेखेर मन्त्रीलाई दिए पनि सार्वजनिक भएको छैन । यो सांसदलाई स्थानीय तहको प्रतिनिधि बनाउने हो । मन्त्रीहरूले सत्तापक्षका सांसदहरूले लेखेर दिएको योजनामा बजेट राख्नु पक्षपात नै हो । सदस्यहरूले संसदमा देश र जनताका पक्षमा राखेको विषयलाई सरकारले बजेट राखी सम्बोधन गर्नु आवश्यक छ । नेपाल मजदुर किसान पार्टीका तर्फबाट सांसदहरूले संसदमा खानेपानी, प्रदूषण, सडकजाम, महँगी, भ्रष्टाचारलगायत समस्या समाधान गर्नुपर्ने र शिक्षा र स्वास्थ्य निःशुल्क, स्वदेशमा रोजगारी र जोत्ने किसानलाई जमिन दिनुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराएका हुन् ।

जेठ २७ गतेको बैठकमा नेमकिपाका सांसद प्रेम सुवालले भवन निर्माण मापदण्ड भोजघर (पार्टी प्यालेस) लाई पनि उपयुक्त हुने गरी बनाउनुपर्ने, बागमती र विष्णुमतीलगायत सांस्कृतिक महत्त्वका नदीनाला अतिक्रमण, सार्वजनिक पोखरी र जग्गा अतिक्रमण रोक्न सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र सरकारी अधिकारी पनि जिम्मेवार हुने कानुन निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो ।

काठमाडौ उपत्यकाका कलङ्की, नागढुङ्गा र नगरकोट सडक ठेक्का लिएका शैलुङ कन्स्ट्रक्सन कम्पनीका मालिक शारदा अधिकारीले सरकारबाट रकम भुक्तानी लिएर पनि समयमा काम सम्पन्न नगरेको र नगरकोट सडक निर्माणको हिलो भक्तपुरमा आउने खानेपानी मुहान खोलामा मिसिएको हुँदा जनताको स्वास्थ्यमा प्रतिकूल असर पुगेको विषयबारे पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो । ठेकेदार अधिकारीको घरमा बस्नु हुने नेकपाका एक अध्यक्ष एवं सरकारका एक नेता प्रचण्डले गृहमन्त्रीलाई बोलाएर अधिकारीलाई कारबाही नगर्न निर्देशन दिएकोबारे पनि संसदलाई सत्य-तथ्य जानकारी गराउन उहाँले सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । सरकार जनताप्रति जवाफदेही भए संसदमा उठेका विषयलाई सम्बोधन गर्नु आवश्यक छ ।

२०७५ जेठ २८

# ‘प्रजग कोरियाले इराक र लिवियाको गल्ती दोहोऱ्याउने कल्पना गर्न सकिन्न’



प्रजग कोरियाका सर्वोच्च नेता किम जङ्ग उन र संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच १२ जूनको दिन सिङ्गापुरमा उच्चस्तरीय संवाद भयो । सो सम्बन्धमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग बिहीबार मजदुर दैनिक र श्रमिक साप्ताहिकका प्रतिनिधिहरुले गर्नुभएको कुराकानी प्रस्तुत छ :

**२९ जेठ (१२ जून) का दिन प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका सर्वोच्च नेता किम जङ्ग उन र संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच सिङ्गापुरमा उच्चस्तरीय वार्ता भयो । वार्ताबाट चार बुँदे सहमति पनि भयो । लामो समयदेखि युद्धरत दुई देशबीच भएको उच्चस्तीय वार्ता र सहमतिबारे यहाँको बुझाई के हो ?**

प्रजग कोरिया र संरा अमेरिकाबीचको युद्ध विरामलाई सन् १९५३ को शान्ति सम्झौताले टुङ्गो लगाउन सकेको थिएन । ६४ वर्षदेखि सं.रा. अमेरिकाले प्रजग कोरियासँग स्थायी शान्ति सम्झौता नगरी युद्धकै अवस्थामा राख्यो र आर्थिक नाकाबन्दी कायम राख्यो । कोरिया युद्ध (१९५०-५३) मा कोरियाली जनताले पहिलोपटक युद्धमा संरा अमेरिकी सामाज्यवादलाई हार खुवाएका थिए । एउटै जाति र भाषा बोल्ने कोरियाली जनतालाई संरा अमेरिकाले हतियारकै बलमा विभाजनमा राखेको थियो । सं.रा. अमेरिकाको निम्ति एकातिर त्यो प्रतिष्ठाको लडाइँ थियो भने अर्को एसिया-प्रशान्त क्षेत्रबाट आफू पछि हट्नुपर्ने स्थिति भोग्नुपर्थ्यो ।

तर भियतनाम युद्धमा सं.रा. अमेरिकाको हार, अफगानिस्तानमा सोभियत सङ्घसँग भियतनामको बदला नीतिबाट उत्साहित हुँदै इराक, लिविया, सिरिया र अन्य देशहरूमा उसको हस्तक्षेप नीतिले एसियामा मात्रै होइन, अफ्रिका र ल्याटिन अमेरिका वा सम्पूर्ण पश्चिमी गोलार्द्धमा समेत सैनिक र राजनैतिक रूपले बद्नाम हुँदै गयो र युरोपेली वा नाटो देशको माझमा समेत आज ऊ एक्लियो ।

यस्तो अन्तर्राष्ट्रिय परिस्थितिमा प्रजग कोरियासँग युद्धविरामको स्थितिबाट शान्ति सम्झौताको स्थितिमा सं.रा. अमेरिका पुग्यो । दक्षिण कोरियाली जनता पनि ६ दशकको विभाजन र तनावको स्थितिलाई अन्त गर्न चाहिरहेका थिए र जापान दोस्रो विश्व युद्धको विभीषिकाबाट आज पनि मुक्त भइसकेको छैन । जापानी र दक्षिण कोरियाको भूमिमा आणविक हात-हतियारसहित हजारौं अमेरिकी सेना तैनाथ छ । ती दुवै देश यसकारण आणविक युद्धको सम्भावनाको तनावबाट मुक्त हुन चाहन्छन् ।

संरा अमेरिकालाई २००८ कै आर्थिक सङ्कटले गाँजेको छ । यसकारण ऊ विश्व जलवायुसम्बन्धी पेरिस सम्झौता, इरानसँगको आणविक सम्झौता, संयुक्त राष्ट्रसङ्घलाई दिँदै आएको सहयोगबाट पनि पन्छिँदै छ । यी सबै परिस्थितिले सं.रा. अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सिङ्गापुरमा प्रजग कोरियाका सर्वोच्च नेता किम जङ उनलाई भेट्न र वार्ता गर्न बाध्य पाऱ्यो, चीन, रूस र संसारका विश्व शान्ति चाहने सबै देशहरूले ती दुई देशको वार्ता सफलताको कामना गरे ।

संरा अमेरिका, जापान र दक्षिण कोरिया तथा प्रजग कोरिया, रूस र चीनसम्मिलित धेरै पटकको ६ पक्षीय वार्ताले टुङ्ग्याउन नसकेको र बाहिरी हस्तक्षेपबाट नभई उत्तर र दक्षिण कोरियाकै सहमतिमा प्रजग कोरिया र संरा अमेरिकाका नेताहरूको भेटघाट र चारबुँदे सहमतिले कोरिया प्राय:द्वीप, पूर्वी एसियाको मात्रै होइन विश्व शान्तिकै निम्ति यो घटना सकारात्मक उदाहरण हुनेछ ।

**के प्रजग कोरिया र संरा अमेरिकाबीच कूटनीतिक सम्बन्ध नयाँ ढंगले अघि बढ्ला ?**

कोरिया प्राय:द्वीपको चारैतिर रूस, चीन, दक्षिण कोरिया, जापान र अन्य देशहरू पनि रहेको हुँदा एक-एक गरेर समझदारी बढ्दै शान्ति-सम्झौता र कूटनैतिक सम्बन्धतिर अघि बढ्ने सम्भावना देख्छु ।

**क्षेत्रीय र विश्वकै अन्तर्राष्ट्रिय परिस्थितिमा दुई देशबीचको बदलिंदो परिस्थितिले कस्तो प्रभाव पार्ने देख्नुहुन्छ ?**

सकारात्मक प्रभाव पार्ने देख्छु । संसारमा आज चारैतिर आर्थिक विकासलाई प्राथमिकता दिइँदैछ । आर्थिक विकासको निम्ति देशहरूमाझ शान्ति र समझदारी अनिवार्य शर्त हो । यसकारण यसले विश्वमा राम्रै आशाको सञ्चार हुनेछ ।

**वार्तामा प्रजग कोरिया आणविक नि:शस्त्रीकरण गर्न प्रतिबद्ध भएको समाचार प्रकाशित भयो । आणविक नि:शस्त्रीकरणले समाजवादी देश प्रजग कोरियामा के कस्तो प्रभाव पर्नेछ ?**

आणविक अस्त्रको निर्माण प्रजग कोरियाको निम्ति सौखको विषय थिएन बरू आफ्नो पेटमा पटुका कसेर देशको स्वतन्त्रता, सार्वभौमिकता र देशको रक्षाको निम्ति आणविक अस्त्र निर्माणमा लागेको प्रजग कोरियाले भन्दै आएकै हो । शान्ति सम्झौतामार्फत आणविक धम्कीबाट मुक्त हुने हो, आणविक नि:शस्त्रीकरण असम्भव होइन ।

दिगो शान्तिको सुनिश्चितता भएमा प्रजग कोरियामात्रै होइन, विभिन्न देशको रक्षा बजेटमा केही प्रतिशत घटाउन सके ती देशका जनताको जीवनस्तर धेरै माथि उठ्ने थियो । प्रजग कोरियामा पनि यही कुरा लागू हुन्छ ।

६४ वर्षसम्म युद्धको स्थिति रहँदा र शान्ति-सम्झौता नहुँदा प्रजग कोरियाका जनताले रात-दिन आफ्नो देशको रक्षार्थ र प्रत्याक्रमणको निम्ति तयार रहनु स्वाभाविक हो । शान्ति स्थापनापछि अन्य देशले जस्तै प्रजग कोरियाली जनताले पनि आर्थिक प्रगतिमा फड्को मार्ने छन् । विज्ञान र प्रविधिमा पनि ठूलो प्रगति गर्नेछन् । त्यहाँका जनताको जीवनस्तर उँचो हुनेछ ।

**प्रजग कोरियाको समाजवादी बन्दोबस्त अब विघटनतिर जाने हो कि भन्ने चर्चा चलेको छ । के संरा अमेरिकासँगको सम्बन्धले प्रजग कोरियाको समाजवादी व्यवस्था विघटनमा जान सक्ला ?**

समाजवादी व्यवस्था कुनै देशसँग कूटनैतिक सम्बन्धमा आधारित हुने नभई हरेक देशको व्यापक जनताको मन र मस्तिष्कले रोज्ने राजनैतिक र सामाजिक व्यवस्था हो ।

आणविक नि:शस्त्रीकरणको प्रक्रिया अघि बढेसँगै प्रजग कोरियामाथिको नाकाबन्दी हटाउन संरा अमेरिका तयार भएको भनियो । क्युवामाथि ओबामा प्रशासनले कूटनीतिक सम्बन्ध स्थापना गरेर पनि अझै नाकाबन्दी अन्त्य गरेको छैन । ट्रम्प प्रशासनले क्युवामाथिको नाकाबन्दी अझै कडा बनायो । विगतका आधारमा के प्रजग कोरियामाथिको नाकाबन्दी हटाउने विश्वास गर्न सकिएला ?

संरा अमेरिकाको कूटनैतिक सम्बन्धले नागबेली बाटो लिँदै आएको छ । रूस र चीनसँगको कूटनैतिक सम्बन्धमात्रै होइन, नाटो शिविरकै सदस्य देशहरूसँग उसको कूटनैतिक सम्बन्ध नागबेली छ । क्युवाली जनताले जस्तै एसियाली जनताले संरा अमेरिकी कूटनीतिबारे जानकारी राख्दै आएका छन् ।

**नाटोसम्बद्ध साम्राज्यवादी देशहरूले सन् २००० को दशकको सुरूका वर्षमा इराकसँग के-कति हातहतियार छ, जाँच गऱ्यो र पछि उसैमाथि सन् २००३ मा हमला गऱ्यो । इतिहासको यो घटना प्रजग कोरियाको सन्दर्भमा पनि दोहोरिने हो कि भन्ने आशंकालाई के भन्नुहुन्छ ?**

प्रजग कोरियाले इराक र लिवियाको गल्ती दोहोऱ्याउने कल्पना गर्न सकिन्न ।

**पश्चिमा पुँजीवादी सञ्चार माध्यमहरूले सिङ्गापुर वार्ताबाट संरा अमेरिकाले केही नपाएको बरू प्रजग कोरियाले धेरै उपलब्धि हासिल गरेको भन्ने प्रचारबाजीलाई व्यापक बनाएका छन् । के अवस्था त्यस्तै हो ?**

पश्चिमी देशका केही दक्षिणपन्थी राजनैतिक दल र नेताहरू तुलनात्मक रूपले प्रजग कोरिया र संरा अमेरिकाको वार्ता र समझदारी चाहँदैनन्, तिनीहरू उग्र दक्षिणपन्थी विचारका छन्, तर समयले तिनीहरूलाई पनि ठाउँमा ल्याउनेछ ।

**संरा अमेरिकी राष्ट्रपति ट्रम्पले दक्षिण कोरियामा तैनाथ आफ्ना सेनाको युद्ध अभ्यास रोक्ने र समयान्तरमा फर्काउने पनि बताए । संरा अमेरिकाभित्रै र जापान तथा दक्षिण कोरियाका केही पक्षले पनि त्यसप्रति सन्देहजनक अभिव्यक्ति दिइरहेको अवस्थामा यसको सम्भावना कस्तो देख्नुहुन्छ ?**

हिजो संरा अमेरिका संसारलाई आफ्नो मुट्ठीमा राख्ने स्थितिमा थियो, तर आज सारा संसारका जनताको चेतनास्तरमा आएको उचाई, शान्तिको कामना र मित्रताको सम्बन्धले तथा आणविक अस्त्र एउटा पक्षसँगमात्र सीमित छैन भन्नेबारे सबै अवगत भइसकेकोले स्थिति यस्तो छैन । २१ औं शताब्दीमा २० औं शताब्दीको चौथो दशकको स्थितिभन्दा धेरै फरक आइसकेको छ ।

**किम र ट्रम्पबीचको वार्ताको लागि अन्तर्राष्ट्रिय समुदाय विशेषत: चीन, दक्षिण कोरिया र जापानको भूमिका कस्तो देखियो ?**

चीन र दक्षिण कोरियाले आ-आफ्नो सकारात्मक व्यवहार संसारसामु प्रस्ट देखाए र जापान पनि शान्ति प्रक्रियाले लाभान्वित हुनेबारे जानकार छ । प्रजग कोरिया र रूसको सम्बन्ध पनि गाढा बन्ने कुरोमा शङ्का छैन ।

**प्रजग कोरियाप्रतिको ऐक्यबद्धता आन्दोलन आगामी दिनमा कसरी अगाडि बढाउनुपर्ने देख्नुहुन्छ ?**

एक समाजवादी देशसँगको अन्तर्राष्ट्रिय सम्बन्ध संरा अमेरिका र प्रजग कोरियाको कूटनैतिक सम्बन्ध पछि पनि दुई देशको सम्बन्ध र ऐक्यबद्धता अगाडि बढ्दै जानेछ ।

**अन्त्यमा केही ... ?**

एक कूटनैतिक सम्बन्ध भएको देशमा समेत प्रजग कोरियाको प्रगति र त्यहाँको जनताको नेपाली जनतासँगको मित्रवत् भावनाबारे आवश्यक जानकारी छैन । पश्चिमी प्रचारमाध्यमको प्रभाव नेपालका बुद्धिजीवीहरूमा पनि प्रशस्त छ । मैले २०४८, २०४९, २०५० र २०५२ मा प्रजग कोरियाको भ्रमण गरें र त्यसबारे पुस्तक पनि लेखें । किसान-मजदुर, युवा-विद्यार्थी, लेखक, कवि, कलाकार र पत्रकारहरूसँग पनि भेटें । गाउँ, सहर, विश्वविद्यालय र पुस्तकालय र कलकारखानाहरू हेरें । ती सबै हेर्दा आज कति प्रगति गऱ्यो होला भनी कल्पनामात्रै गर्न सकिन्छ । सडक, फोहरको बन्दोबस्त, विज्ञान र प्रविधिको विकासको प्रगतिबारे नेपाल र नेपाली जनताले सिक्न सक्नेछौं ।

## १७ करोडको बजेट फ्रिज ?

# कीर्तिपुरमा खानेपानीको हाहाकार यथावत

कीर्तिपुर नगरपालिकाभित्र खानेपानी मुहान प्रशस्त रहेपनि खानेपानीको समस्या यथावत रहेको छ।

खानेपानीको समस्या समाधान गर्न कीर्तिपुर नपा र नेपाल सरकार खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड बोर्डको संयुक्त रुपले १७ करोड ३० लाख रुपैयाँ विनियोजन गरेको कीर्तिपुर नगरपालिकाको वार्षिक नगर विकास योजना २०७४/०७५ मा निर्णय नं. २० बाट सबैलाई सार्वजनिक गरेको थियो ।

कीर्तिपुर नगरपालिकाको दक्षिण सिमानामा रहेका पानीका प्राकृतिक श्रोतहरु ( दुधपोखरी, सिम, झ्वाहिटी, बुढाथोकी गाउँ र नौमूले) मुहमानको संरक्षण गर्न, वन जंगल तथा सिमसार क्षेत्रको संरक्षण गरी पानीको रिचार्ज हुने अवस्था कायमै राख्ने समेत व्यवस्था मिलाई समग्र कीर्तिपुरवासीको पिउने पानीको आवश्यकता परिपूर्ति हुने खालको बृहत्त खानेपानी आयोजना संचालन गर्नका लागि वडा नं. ७ स्थित सिम झ्वाहिटी खानेपानी मुहान संरक्षण, सम्बर्द्धन र क्षमता अभिवृद्धि गर्न यस १० नं. निर्वाचन क्षेत्रबाट निर्वाचित व्यवस्थापिका संसदका मा. सदस्य, राजनैतिक दलहरु एवं नगरपालिकाको संयुक्त पहलमा गरेको थियो ।

त्यही निर्णयमा अन्य २ निकायलाई नपाले पहल गरी कार्यान्वयनमा ल्याउने स्मरण गराउने भनेपनि १७ करोड ३० लाख रुपैयाँ बजेट फ्रिज हुने भएको छ । त्यही रकमबाट सिम मुहान र दूधपोखरी स्थित राउटे भिरमा स्थलगत निरीक्षण र अनुसन्धान गरेको कीनपाका प्रमुख रमेश महर्जन र काउखाली कीर्तिपुर शाखाका प्रमुख ई. नारायण कर्णले बताएका छन् ।




पानी जस्तो संवेदनशील विषयमा साँच्चै ती रकमलाई सदुपयोग गरी मुहान संरक्षण र सुधार गर्न सके कीर्तिपुरमा मेलम्ची खानेपानीको आशा नगरेपनि पुग्दथ्यो ।

स्थानीय सरकार, कीनपा, सम्बन्धित निकाय KUKL किन चुप बसे, विनियोजित बजेट लागू गर्न के समस्या भयो ? जनता प्रश्न सोधिरहेका छन् ।

**६० लाख लिटरको मेलम्ची रिजर्भभ्वायर कीर्तिपुरमा**

बहुचर्चित, बहुप्रतिक्षित र बहुआशातित मेलम्ची खानेपानीको आशा गरेको झण्डै ३० वर्ष हुन लागेको छ । बहुराष्ट्रिय कम्पनीका ठेकेदार फेर्दै कर्मचारीले अवरोध गर्दै अगाडि बढेको मेलम्ची खानेपानी अब निर्माण सम्पन्नको नजिक आएको छ ।

२०७५ बैशाखदेखि खानेपानी वितरण गर्ने लक्ष्य लिएपनि त्यो समय पनि तरेको छ ।

मेलम्ची खानेपानीको लागि उपत्यकाका विभिन्न भागमा रिजर्भभ्वायर ट्याङ्की निर्माण गरेको छ । त्यही क्रममा कीर्तिपुरस्थित त्रिवि परिसरमा प्याकेज ४ अन्तर्गत ६० लाख लिटर क्षमताको सर्भिस रिजर्भभ्वायर ट्याङ्की (SRT) निर्माण भैरहेको छ ।

तर त्यो रिजर्भभ्वायरमा संकलन गरेको पानी पहिलो चरणको परियोजनाबाट कीर्तिपुरवासीले वितरण नहुने भएको छ । वितरण गरिने क्षेत्रमा काठमाडौं उपत्यका खानेपानी वितरण व्यवस्थापन परियोजनाले फिल्ड सर्भे गरी पाइपलाइन समेत विछ्याइसकेका छन् ।

तर कीर्तिपुर क्षेत्रमा न सर्भे भयो नत पाइपलाइन विछ्याउने कार्य नै ।

तर नगरपालिका, क्षेत्र नं. १० का सांसद र काउखालीले ‘अहिले वितरण नगरेपनि दोस्रो फेजमा हामीले उपभोग गर्न सक्छौं’ भनी आशा व्यक्त गरेका छन् ।

**नपामा खानेपानी समिति छैन**

जनप्रतिनिधिविहीन भैरहेको समयमा कीर्तिपुर नगरस्तरीय खानेपानी व्यवस्थापन समिति गठन भएको थियो । स्थानीय उपभोक्ता र नगरस्तरीयबीच समन्वय गरेको पाइन्थ्यो तर अहिले जननिर्वाचित स्थानीय तह कीर्तिपुर नपामा छुट्टै खानेपानी व्यवस्थापन समिति छैन । नगर प्रमुख रमेश महर्जनले सबैभन्दा आवश्यक हो तर पूर्वाधार विकासमै पर्ने भएकोले छुट्टै समिति नभएको स्वीकार्नु हुन्छ ।

**धमिलो पानीले उपभोक्ता हैरान**

खानेपानी सबैको सरोकारको विषय हो। मानिसको लागि अति आवश्यक छ । ७५०० वटा धारा वितरण गरेको र सयौं संख्यामा सार्वजनिक धारामा पालोमा आउने पानी पनि धमिलो आउने गरेकोले उपभोक्ता हैरान भएका छन् ।

स्थानीयहरु सिसिमा थापेर खानेपानी संस्थानमा ज्ञापनपत्र दिनेसम्मको आक्रोश पोखेका छन् ।

# स्थानीय किसान तथा जातीय सफाया गर्नेतिर सरकार केन्द्रित

- सृजना सैंजू

(नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तथा प्रदेशसभा सदस्य सृजना सैंजूले आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमबारे जेठ २३ गतेको प्रदेशसभा बैठकमा व्यक्त विचारको सम्पादित अंश)

आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममाथि केही कुरा राख्न चाहन्छु ।

यो नीति तथा कार्यक्रम एक वर्षको लागि हो कि १०, १५ वर्षको लागि ? १५ वर्षको योजना छ भने यो वर्ष के गर्ने भन्ने स्पष्ट बोलेको पाइएन । नीति तथा कार्यक्रम औपचारिक, नाराबाजी, अमूर्त र अधिकांश कुरा केन्द्रको नक्कल गरेको पाइयो । हामी संघीय व्यवस्थामा छौं । केन्द्रको मातहतमा प्रदेश, प्रदेशको मातहतमा स्थानीय तह राख्न खोजिए हिजोको एकात्मक पञ्चायती व्यवस्था पुन: दोहोरिनेछ । अबको नीति सपना थुपार्ने होइन, कार्यान्वयनमुखी हुनुपर्छ । समाजवाद र कम्युनिष्टलाई चाहने जनता भने यस नीति तथा कार्यक्रमबाट असन्तुष्ट र निराश छन् । अब त केही हुन्छ कि भन्ने जनताको अपेक्षामाथि घात भएको प्रष्ट देखियो । आज देश संघीयतामा प्रवेश गर्नु र स्कुलको भवननै नबनाई विद्यार्थी भर्ना लिनु उस्तै भएको जनताबीच चर्चा चलिरहँदा यो नीति तथा कार्यक्रमले त्यसलाई थप बल प्रदान गरेको देखियो ।

हिजो जिम्मेवार पदका मान्छेले जनतालाई झुक्याउन सस्तो लोकप्रियताका लागि सपनाको व्यापार गरे । मतकै लागि समृद्धिको नारा पनि बिक्यो । जनताले अब काँध र साइकलमा ग्यासको सिलिन्डर बोक्न पर्दैन, घरघरमा ग्यासको पाइप विछ्याइदिन्छु भन्ने हिजोको झुठा आश्वासन र आजको 'सुखी नेपाली, समृद्ध नेपाल' को नारा उस्ताउस्तै हो । भातैमात्र खाने भए सरकारले घरघरमा खातखातमा ल्याएर ख्वाउँछ भन्नु र गरिबी निवारण गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित छ भन्नु उही हो । सामाजिक सुरक्षा क्षेत्रको विस्तारको कुरा उठिरहँदा हालै सामाजिक सञ्जालमा व्यापक प्रचार भएको प्रधानमन्त्रीज्यूको भाषण स्मरण भयो । वद्धवृद्धाहरुको हातहातमा मासिक ५००० दिने अनि नमस्कार गरेर फर्कने प्रधानमन्त्रीज्यू यतिखेर कहाँ हुनुहुन्छ ? वृद्ध बुबाआमाहरु सोधिरहेका छन् । यो सरकारको नीति तथा कार्यक्रममा हाम्रो प्रश्न छ, यो कति प्रतिशत कार्यान्वयन हुन्छ ? लेखनकै लागिमात्र लेखिएको हो कि भन्ने आशंका छ । भोलि यहाँ प्रश्न उठ्दा 'हामीलाई संविधानले रोक्छ, कानुन बनेको छैन' भन्ने जवाफ सुन्न जनता तयार छैनन् ।

बलात्कार, घरेलु तथा लैंगिक हिंसा, बालविवाह, बहुविवाह, मानव बेचबिखन, बोक्साबोक्सी लगायतका अपराधका विरुद्ध सरकार कडा रुपमा प्रस्तुत हुने भन्नुको तात्पर्य के हो ? पछिल्लो ६ महिनामा ६० वटा बलात्कारका घटना दर्ता भएका छन् । दर्ता नभएका त कति कति, दिनदिनै जसो पत्रपत्रिकामा हामी पढ्छौं । ५ वर्षीया बालिकाको बलात्कार, ७ वर्षकी, १० वर्षकी बालिका बलात्कृत, माइक्रोबसभित्र युवती बलात्कृत, सामूहिक बलात्कारपछि युवतीको हत्या । यस्ता थुप्रै थुप्रै घटनाले खबरको दुनियाँ नै दूषित भइरहेको छ । यस्ता घटना रोक्न बलात्कारीलाई ज्यान सजाय दिने कडा बन्दोबस्त गरिनुपर्छ । महिला हकका लागि ठूलै उपलब्धि प्राप्त गरेको भनी उफ्रने तथाकथित महिलावादीहरुकै संलग्नतामा हजारौं चेलीबेटी विदेशमा बेचिएको व्यापक चर्चा छ । यसलाई तुरुन्त रोक्ने र संलग्न अपराधीहरुलाई कडा कारवाहीको बन्दोबस्त नभएसम्म बेचबिखन र हिंसामा परेका महिलाको उद्धार गर्ने 'सेफ होम' सञ्चालन केवल नाटक हुनेछ र 'फेश सेभिङ्ग बिजिनेश' हुनेछ ।

आज अपराधीहरुलाई डर छैन । आज समातिए, भोलि छुटिहालिन्छ भन्ने घमण्ड छ । यो राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरणको उपज हो । एउटा गाउँको वडा अध्यक्ष जस्तो मान्छेले भारतमा ४-४ वटा कोठी सञ्चालन गरिरहँदा समेत अझै राजनीतिक संरक्षण पाइने देश हो यो । चेलिवेटी बेचविखनमा संलग्न एक-एकलाई कडाभन्दा कडा कारवाही गर्ने प्रावधान आवश्यक छ । आज पनि महिला, चेलिबेटीहरु अन्धविश्वास, कुसंस्कारको सिकार बनिरहेका छन् । बोक्सीको आरोपमा हाकाहाकी सडकमा मरनाशन्न कुटपिट हुँदा पनि रमिते बन्नेहरुलाई कस्तो सजाय दिने नीति बन्छ, स्पष्ट पारियोस् । एक दुईवटा छाउगोठहरु भत्काएर होइन, छाउपडीप्रथा नै निर्मूल नगरेसम्म चेलीहरु छाउगोठमा मर्न बाध्य भइरहनेछन् ।

महिला हिंसा, बेचविखन, बलात्कारमा दोषी ठहर भएका जघन्य अपराधीहरुलाई मृत्युदण्डको व्यवस्था गर्ने नीति बनाउन आवश्यक छ र ती अपराधीलाई राजनीतिक संरक्षण दिने दल खारेज हुने बन्दोबस्तको नीति तय गर्न जनता माग गर्दैछन् ।

देश र प्रदेश अहिले भूमाफियाहरु, ठेकेदारहरुको हातमा पुगेकोमा सचेत जनता चिन्तित छन् । नीति निर्माणमा लाग्नुपर्ने जनप्रतिनिधिहरु विकास निर्माणका कार्यकर्ता बनाइनुहुन्न । स्थानीय तहमा विकास निर्माणको प्रकृया स्थानीय तह मार्फत् गराइनुपर्छ । चुनावमा केवल सपना बाँडेर आएकाहरुलाई यो कुरा नपच्ला तर नीति निर्माणतहका सांसदहरुलाई विकासको झोला बोकाउन नपाइने नीति निर्माणको पर्खाइमा जनता छन् ।

जग्गा अधिग्रहणको कुरा नीति तथा कार्यक्रममा उल्लेख छ । जनताको उठिबास हुने गरी हजारौं किसानहरुलाई जग्गा जमीनविहिन बनाउने गरी, रैथानेहरुको उठिबास हुने गरी, गरीब जनतालाई पीडामाथि पीडा थप्ने गरी जग्गा अधिग्रहणको नीति ल्याइन् किसान जनतामाथि थप दु:ख र पीडा दिनु हुनेछ । विकासको नाममा जातीय सफाया गर्न चाहनेहरु काठमाडौंको बचेखुचेको हरियाली म्हास्ने कार्यमा अघि बढिरहेका छन् । केही घरजग्गाका व्यापारीहरुको नाफाको लागि कामगरी खाने किसानहरुको जमिन खोस्ने र किसान सफाया, जातीय सफाया गर्नेतिर सरकार केन्द्रित देखिन्छ । यसबाट सरकारको फासीवादी चरित्र उदाङ्गिएको छ । जनताको जग्गा अधिग्रहण गर्दा, सडक विस्तार गर्दा त्यस ठाउँका जनतालाई कहाँ कसरी पहिले व्यवस्थापन गर्ने, नयाँ शिशुशाला, बालोद्यान, विद्यालय, अस्पताल आदिको योजना बन्नुपर्छ, के-कति विस्थापित हुन्छन्, विकल्प के दिने, साथै रोजगारको बन्दोबस्त हुन जरुरी छ । जग्गाको वास्तविक मोलभन्दा बढी मुआब्जा सरकारले दिन सक्नुपर्छ । नत्र सहर विस्तार, बाटो विस्तारको नाममा गरिब जनता नयाँ नयाँ शोषण, अन्याय-अत्याचारको जाँतोमा पिसिनेछन् । दूरदर्शीताको अभाव भएका केही योजनाकारले भक्तपुरमा अन्तर्राष्ट्रिय रंगशालाको कुरा उठाइरहँदा के यो अर्को 'खोकना काण्ड' त होइन भन्ने जनआवाज उठिरहेको छ । अन्तर्राष्ट्रिय रंगशाला बनाउन कमसेकम ५-१० माइल वर्गआकारको खाली ठाउँ आवश्यक हुन्छ अन्तर्राष्ट्रिय नियमअनुसार । काठमाडौं उपत्यकामा त्यति ठूलो खाली जग्गा कहाँ छ ? विकास भनेको कुनै सन्काहा र उपद्राहाको रहर पूरा गर्नु होइन ।

कहीं सांस्कृतिक संहार, कहीं उब्जाउ विनास, कहीं कामदार जनताको उठिबास हुने विकास के का लागि, कसका लागि ? त्यसकारण यो जग्गा अधिग्रहणको नीतिलाई स्पष्ट, मूर्त बनाइनुपर्दछ । किसानमारा नीतिबाट प्रदेश सरकार टाढा रहनुपर्छ । हिजो हिटलरहरुले यहुदीहरुलाई गरेजस्तै कुनै जातीमाथिको शोषण, दमन रोजगारविहिन र उठीवासको नीति यस प्रदेशले र संघीय सरकारले सोच्नु पनि हुँदैन । हिटलरहरुले हिजो लाखौं जनता मारे, गोली हाने, ग्यास च्याम्बरमा राखेर मारे आज यहाँ जनताको बाँकी एक टुक्रा जमिन खोसेर जनता मार्ने नीति बन्दैछ, जनतालाई भोकाभोकै राखेर मार्न खोजिइँदैछ, रैथानेलाई सुकुम्बासी बनाउने ग्राण्डडिजाइन हुँदैछ । यतातर्फ प्रदेश सरकारले ध्यान दिन सकेन भने यो सरकार पनि जनविरोधी सावित हुनेछ ।

हामी संघीय व्यवस्थामा छौं, क्षेत्रीय रुपमा रंगशालाहरु बनाइए खेल, कला, संस्कृति, व्यापारका विशेष क्षेत्र (Special Zone)हरु बनाउँदै विकेन्द्रीकरणतर्फ अघि बढ्न सके बुद्धिमानी हुन्छ । हाइस्कूल र कलेजहरुमा अनिवार्यरुपमा कबर्ड हलको निर्माणले खेलकूदको विकासको संभावना बढाउँछ । आजसम्म पनि राजधानीमासमेत एउटा प्लानेटोरिएम (Planetarium) नहुनुले नक्षेत्र विज्ञानमा हामी कति पछाडि छौं भन्ने बताउँछ । तसर्थ यस प्रदेशमा प्लानेटोरिएम स्थापना दीर्घकालीन सोचको परिचय बन्नेछ ।

सक्षम स्थानीय तहलाई अधिकारसम्पन्न बनाएर नगरका ३ वर्षे, ५ वर्षे योजनाहरु निर्माण गरी अरिस्टोटल र प्लेटोको ग्रिस होम झैं नेपालका स्थानीय तह सभ्य र सुविधासम्पन्न बन्नेछन् । यसको लागि प्रदेशले स्थानीय तहलाई उत्साहित बनाउन यस नीति तथा कार्यक्रममा समावेश गर्न आवश्यक छ । साथै यस प्रदेशका सम्पूर्ण हाइस्कूल र कलेजमा पुस्तकालय र प्रयोगशालाहरुको राम्रो बन्दोबस्त गर्ने र विद्यार्थीहरुलाई तामाङ्ग, मैथिली, भोजपुरी, नेपालभाषालगायत विविध भाषाको ज्ञान दिने उद्देश्यलाई प्राथमिकता दिन आवश्यक छ । साथै सम्पूर्ण विद्यालय तथा कलेजका अँग्रेजी शिक्षकहरुको निम्ति सघन तालिमको बन्दोबस्त गरी शैक्षिक स्तरोन्नतिमा टेवा पुऱ्याउन सकिन्छ ।

सन्तुलित विकासलाई प्राथमिकतामा नराखिए संघीयता निल्नु न ओकल्नु हुनेमा दुविधा छैन ।

गरिबी निवारण र गरिवलाई प्रमाणपत्र वितरण गर्ने नीति एकैचोटि आउनु के विरोधभाशपूर्ण भएन र ? पहिलो प्रश्न त वास्तविक गरिबसम्म गरिबीको प्रमाणपत्र पुग्छ कि पुग्दैन ? त्योभन्दा पनि महत्वपूर्ण सवाल त गरिवीको प्रमाणपत्र वितरण र समृद्ध नेपालको कल्पनाबीच कहाँनिर मेल खान्छ ? गरिबीको प्रमाणपत्र अर्को कमाइखाने भाँडो र कार्यकर्ता पाल्ने उपाय नबनोस् ।



भ्रष्टाचारमुक्त र शून्य सहनशीलताको नीति कर्णप्रिय भएपनि धरातलीय यथार्थ जगजाहेर छ । सम्पूर्ण क्षेत्रमा भ्रष्टाचार व्याप्त छ, भर्खरैको सुनकाण्ड सेलाएको छैन अनि फजूल गफगाफले भ्रष्टाचार निर्मूल कसरी संभव हुन्छ ? हरेक दिन मूल्यवृद्धि हुने र बजारभाउ नियन्त्रणभन्दा बाहिर गइरहने स्थिति के जनताको भनिएको सरकारको निम्ति लज्जाको विषय होइन ? पेट्रालियम पद्धार्थमा पाँचौं पटक गरिएको मूल्यवृद्धि र जनतामाथि करको ठूलो भारले यो सरकारको वास्तविक चरित्र र भावी चित्र उदाँगो पारेको छ ।

नीति तथा कार्यक्रममा फेरि पनि लगानी बोर्ड र निर्माण कम्पनी स्थापनाको नीति उल्लेख छ । यसले प्रदेशलाई नवउपनिवेशतर्फ डोऱ्याउँछ । त्यसकारण प्रदेशलाई विदेशी प्रभावबाट मुक्त राख्न त्यसलाई हटाई प्रदेश सरकार र प्रदेशको योजना आयोग बलियो बनाउने नीति आवश्यक छ । प्रदेशको सुरक्षा र संघीयताको पूर्ण कार्यान्वयनका लागि प्रदेश नागरिकताको पनि व्यवस्था गर्ने नीति बन्न आवश्यक छ । नीति तथा कार्यक्रममा समाजवादउन्मुख शब्द एउटा बाहेक नयाँ पनको आभास नहुनु ठूलो विडम्बना हो । यो नीति तथा कार्यक्रम हिजोको पंचायत, काँग्रेसको पदचापमा हिँडेको छ । यो नीति तथा कार्यक्रम पहिलो गाँसमा ढुङ्गा झैं भएको छ ।

भाषा, साहित्य व संस्कृतिया सः
नेवाः एफ.एम १०६.६
NewaFM 106.6 MHz
ञिहच्छिचच्छि (२४ सै घण्टा) न्यनादिसँ/न्यंकादिसँ
नेवाः जुयागुया गौरव यानादिसँ
नेवाः एफ.एम. १०६.६
न्यामासिमा, द्य:ध्वाखा, किपू-२
फोन ल्या: ४३३४२२२
अनक मिडिया प्रा.लि.
न्यामासिमा, द्य:ध्वाखा, किपू-२
इमेल: ankmedia.newafm@gmail.com

## काठमाडौंमा.....

उहाँले नेपाली जनतासमक्ष आयल निगमको सत्यतथ्य हिसाब सार्वजनिक गर्न सरकारसमक्ष माग गर्नुभयो ।

ओली सरकार कम्युनिष्ट सरकार नभएको भन्दै सैंजूले जनतालाई दु:खको सागरमा डुबाउने व्यवस्था समाजवादी व्यवस्था हुन नसक्ने बताउनुभयो ।

बिना पूर्वाधार प्रदेश नं. ३ को सरकारले पेट्रोलबाट चल्ने सवारी साधन निषेध गर्ने प्रस्ताव सस्तो लोकप्रियताको मोह भएको चर्चा गर्दै उहाँले जनताको वास्तविक समस्या बुझ्न ओली सरकार असफल रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी संघका केन्द्रीय अध्यक्ष सविन ख्याजूले आयल निगमको भ्रष्टाचार, अनियमितता र कालोबजारीविरुद्ध संघर्ष गर्नुपर्ने आवश्यकता औंल्याउँदै आयल निगममा भएको भ्रष्टाचार अन्त्य गर्न सके पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गर्न नपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नेपाल-भारतबीचको खुला सीमा नियमित नगरेसम्म भारतीय हस्तक्षेप, थिचोमिचो, अपराधिक घटनाहरु रोकिने छैन । भारतको विकल्पको रुपमा चीन, बंगलादेश, पाकिस्तानलगायतका देशहरुबाट पेट्रोलियम पदार्थ आयात गर्ने व्यवस्था गर्नुपर्छ ।'

कार्यक्रममा नेमकिपा काठमाडौंका राजवीर डंगोलले पनि बोल्नुभएको थियो ।

## चन्द्रागिरीमा....

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तथा प्रदेश सभा सदस्य सृजना सैंजूले मार्क्सको जीवनले जीवनलाई संघर्षको रुपमा हेर्न र परिवर्तनप्रति आशावादी भएर बाँच्न सिकाउने विचार राख्नुभयो ।

उहाँले निजीकरणलाई प्राथमिकता दिने सरकारी नीति-कार्यक्रम समाजवादउन्मुख हुन नसक्ने र त्यस्तो कार्यक्रम ल्याउने सरकार मार्क्सवादी हुन नसक्ने धारणा राख्नुभयो । नेमकिपाका वैकल्पिक केन्द्रयि सदस्य राजेन्द्र चवालले मार्क्स र एंगेल्सले आफ्नै शक्तिमा कामदार जनताले पूँजीवादी शोषणको सिक्री चुडाल्न सक्ने वास्तविकता उजागर गर्नुभएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष पूजा महर्जनको सभापतित्वमा भएको कार्यक्रममा नेक्राविसंघका पूर्वअध्यक्ष नीरज लवजू, काठमाडौं जिल्ला समितिका अध्यक्ष रुपा थापामगर, विद्यार्थीहरु अस्मिता महर्जन र विद्या महर्जनले पनि मार्क्सको जीवनीबारे चर्चा गर्नुभएको थियो ।

# भक्तपुर नगरपालिकाको एक वर्ष

**६) खानेपानी**:

भक्तपुर नगरभित्र खानेपानीको स्रोतको कमी छ । नगरकोट र बोडेको पानीकै भरमा अहिले नगरवासीहरूले पानीको आवश्यकता पूरा गर्दै आएका छन् । तीव्र जनसङ्ख्या वृद्धिसँगै खानेपानीको समस्या झन् झन् विकराल बन्दै गएको छ । साविक स्रोतहरूमा अन्य स्रोतहरू थप्न नसकेमा जनताको मागअनुसार खानेपानीको व्यवस्थापन गर्न प्राय: असम्भव छ ।

मेलम्चीको पानी भक्तपुरमा दोस्रो चरणमा मात्रै वितरण गर्ने योजना भएको जानकारी पाएपछि काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र काठमाडौं उपत्यका खानेपानी लिमिटेडका पदाधिकारीहरूसँग पटक पटक बैठक र भेटघाट गरी पहिलो चरणमै वितरणको आश्वासन पाएका छौं । मेलम्चीको पानीको निम्ति निरन्तर जोड दिइरहेका छौं ।

भनपा १ स्थित भक्तपुर क्याम्पसको दक्षिणतर्फ भनपाकै जग्गामा र भनपा वडा नं. २ स्थित सल्लाघारीमा डिप बोरिङ गरेकोमा भनपा १ को पानी पिउन योग्य नभएको रिपोर्ट प्राप्त भएपछि सोही पानी भाज्या पोखरीमा राखिएको छ । भनपा २ स्थित सल्लाघारीको बोरिङको पानी फिल्टरपश्चात् पिउन योग्य हुने भनिएपछि त्यसको लागि आवश्यक व्यवस्था गर्दैछौं । मिति २०७४/१२/१५ गते भनपा, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रतिनिधिहरूको भनपामा बसेको संयुक्त बैठकले सल्लाघारीमा फिल्टर प्लान्ट बनाई पानी वितरणको व्यवस्था गर्ने निर्णय गऱ्यो । भनपाले ट्याङ्की निर्माण र विद्युत् ट्रान्सफर्मरलगायतको व्यवस्था गर्ने र बाँकी कार्य केयूकेएलले गर्ने सहमति भएअनुसार भनपाले निर्माण कार्य अगाडि बढाएको छ । त्यसमा भनपाको करिब १ करोड रूपैयाँ लगानी हुने अनुमान छ । त्यसै गरी सूर्यविनायक नपामा पानी ट्याङ्की निर्माणको लागि आवश्यक जग्गाको बन्दोबस्त गरी निर्माण कार्य भइरहेको छ ।

तुमचो, दुगुरे आवास योजनामा डीप बोरिङको कार्य भइरहेको छ । खानेपानी स्रोतको खोजीको सम्भाव्यता अध्ययन गर्न भनपा ८ का वडाध्यक्ष महेन्द्र खायमलीको अध्यक्षतामा खानेपानी समिति गठन भएको छ ।

भक्तपुर नगरपालिकाले खानेपानीको स्रोत व्यवस्थापन तथा प्रशोधन र वितरण प्रणालीलाई समेत ध्यानमा राखेर हालै सूर्यविनायक नगरपालिका १० चित्तपोलमा १० आना जग्गा खरिद गरी ट्याङ्की निर्माण कार्य भइरहेको छ ।

सुख्खा समयमा खानेपानीको अभावलाई कम गर्न भनपाको हाल २ वटा र केयूकेएलको १ वटा गरी दैनिक ३ वटा ट्याङ्करले नगरका टोल टोलमा खानेपानी वितरण गर्दै आएको छ ।

खानेपानीको समस्या कम गर्न आकाशे पानी सङ्कलन गरी स्थानीय जनतालाई वितरण गर्नेबारे पनि छलफल भइरहेको छ ।

**७) कृषि**:

तीव्र जनसङ्ख्या वृद्धिसँगै भनपामा कृषियोग्य जमिन कम हुँदै गएको छ । थोरै जग्गामा बढी उत्पादन गर्नुको अब विकल्प छैन । यही विषयलाई ध्यान दिएर भनपाले कौसी खेती, च्याउखेती तथा बेमौसमी तरकारी खेतीसम्बन्धी तालिम दियो । किसानहरूलाई केन्द्रित गरेर दिइएका उक्त तालिमहरू अत्यन्त उपलब्धिपूर्ण रहेको पाइएको छ ।

किसानहरूको हितलाई ध्यानमा राखेर प्रतिपरिवार उन्नत जातको आलुको बीउ र गहुँको बीउ ५/५ केजीको दरले र धानको बीउ प्रतिपरिवार साढे २ केजीको दरले नि:शुल्क वितरण गरिएको छ । समय-समयमा किटनाशक औषधीको प्रयोग सम्बन्धी तालिम पनि दिंदै आएको छ ।

ठाउँ-ठाउँमा भुस्याहा कुकुरले जनतालाई दु:ख दिने गरेको जनगुनासो आएपछि भनपाले कुकुर व्यवस्थापन, बन्ध्याकरण तथा खोपसम्बन्धी तीन महिने अभियान सञ्चालन गऱ्यो । साथै भुस्याहा कुकुरहरूलाई रेविजविरूद्धको खोप दिने काम पनि सुरू गऱ्यो । हालसम्म ६५० वटाभन्दा बढी कुकुरहरूलाई खोप लगाउने र बन्ध्याकरण गरिसकेको रिपोर्ट प्राप्त भएको छ ।

**८) आवास योजना**:

भनपाको लगानी तथा रेखदेखमा भनपा वडा नं. २ र ६ स्थित १६५३ रोपनी जग्गामा देको-मिवा-इटापाके आवास योजना सञ्चालनमा छ । चरणबद्ध रूपमा सम्पन्न गर्दै जाने उपभोक्ता समितिको मागबमोजिम साविक १५ (क), (ख) र (ग) को करिब ७५० रोपनी जग्गामा रिटेनिङ वाल बनाउने कार्य तीव्रगतिमा भइरहेको छ । यो वर्षको लक्ष्यको करिब ७० प्रतिशत काम सम्पन्न भइसकेको छ । प्रस्तावित सडक सञ्जालअनुसार करिब ३.६ किमि ट्र्याक निर्माण कार्य सम्पन्न भइसकेको र अन्य कार्यहरू चालू छन् । आ.व. २०७४/७५ मा करिब ३५ करोड २५ लाख रूपैयाँको बजेट स्वीकृत भएकोमा विभिन्न स्रोतबाट आयोजनालाई प्राप्त २५ करोड रूपैयामै अहिले निर्माण कार्यहरू भइरहेका छन् । सम्बन्धित जग्गावालाहरूलाई छिट्टै विकसित घडेरी फिर्ता गर्न तीव्रगतिमा काम भइरहेको छ ।

भनपा वडा नं. ९ स्थित तुमचो-दुगुरे आवास योजना यो वर्ष सम्पन्न गर्ने उद्देश्यले रू. १३ करोड बराबरको कार्य भइरहेको छ । आ.व. २०७४/०७५मा गर्ने भनी तोकिएका कामहरूमध्ये खानेपानी व्यवस्थाको लागि डिप बोरिङ कार्य सुरू भएको, च्याम्हासिंह-ब्रम्हायणी सडक खण्डमा ढल निकासको व्यवस्था तथा पेटी निर्माण कार्य भइरहेको, ठाडो उकालो बाटोहरूमा ढलान कार्य सुरू भएको र आयोजनाका बाटोहरू कालो पत्रे गर्न ठाउँ ठाउँमा उपभोक्ता समिति गठन भई कार्य सुरू भइरहेको छ । उक्त आवास योजनाभित्र विद्युतीकरणको लागि नेपाल विद्युत् प्राधिकरणसँग संयुक्त रूपमा गर्न पत्राचार तथा छलफल भइरहेको छ ।

**९) बजार अनुगमन**:

२०७४ माघ ३ देखि ५




गतेसम्म सम्पन्न दोस्रो नगर सभाले बजार अनुगमन निर्देशिका पारित गरे बमोजिम अनुगमन समिति गठन गरी बजार अनुगमन कार्य भइरहेको छ । अनुगमनको क्रममा दर्ताविना पसलहरू सञ्चालन गरिरहेको, पसलहरूमा नियमानुसार राख्नुपर्ने मूल्यसूची नराखेको, ढक-तराजु नवीकरण नगरिएको पाइएको छ । ती पसलेहरूलाई पसल दर्ता गर्न, मूल्यसूची राख्न र नियमानुसार ढक-तराजु नवीकरण गर्न सचेत पारेको छ ।

खुला रूपमा मासु बेचविखन गरिरहेको, लाइसेन्सविना औषधि पसल सञ्चालन गरिरहेको, गुणस्तरहीन र म्याद नाघेका वस्तुहरू बिक्री गरिरहेको पाइएको हुँदा ती वस्तुहरू नष्ट गर्ने कार्य पनि ठाउँठाउँमा भएको छ । नियमविपरीत सञ्चालन गरेका पसलहरूलाई आवश्यक कारबाहीको लागि प्रक्रिया अघि बढाएको छ ।

**१०) नक्सापास**:

आ.व. २०७४/०७५ मा भनपामा ८०४ वटा नक्सा दर्ता भएकोमा ७५१ वटा नक्सा पास भएको छ भने बाँकी पास हुने प्रक्रियामा छन् । तीमध्ये १२१ जना घरधनीले मात्रै घर निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरेका छन् ।

**११) पर्ती जग्गा संरक्षण**:

स्थानीय तहमा १५ वर्षसम्म जनप्रतिनिधि नहुँदा पर्ती वा सार्वजनिक जग्गा मिच्नेहरूलाई प्रोत्साहन मिल्यो । जग्गा मिच्नेहरू हाल जग्गा छोड्न चाहिरहेका छैनन् । यो स्थितिमा पर्ती जग्गा संरक्षण नगरपालिकाको ठूलो चुनौती बनेको छ । भनपा वडा नं. १ स्थित सृजना नगरमा पर्ती जग्गाको सिमाङ्कन गरी संरक्षण गरियो भने भनपा वडा नं. ९ ब्रम्हायणी मन्दिर परिसरमा पर्ती जग्गा संरक्षणको कार्य भइरहेको छ । अन्य विभिन्न क्षेत्रहरूमा पनि संरक्षण गर्ने कार्य चालू छ ।

**१२) कर असुली**:

आ.व. २०७४/०७५ को कूल आन्तरिक आय २०७४ श्रावण १ देखि जेठ ४ गतेसम्मको रू. २७,०९,१५,९९८/- (सत्ताइस करोड नौ लाख पन्ध्र हजार नौ सय अन्ठानब्बे) सङ्कलन भयो । आ.व. २०७३/७४ को सोही अवधिमा रू. २१, ५०, ५४, ५७८/- (एक्काइस करोड पचास लाख चवन्न हजार पाँच सय अठहत्तर) सङ्कलन भएको थियो । यस अवधिमा कुल आन्तरिक आयमा ५,५८,६१,४२०/- (पाँच करोड एकसाठी लाख चार सय बीस रूपैयाँ) वृद्धि भएको छ । यो गत वर्षको तुलनामा २६ प्रतिशतले बढी हो । पर्यटक शुल्कबाट ३,८३,७४,१०६/- र अन्य आन्तरिक स्रोतबाट १,७४,८७,३१४/- वृद्धि भएको देखिएको छ ।

**१३) विभिन्न तालिमहरू सञ्चालन**:

भक्तपुर नगरपालिकाले खेलकुदका अतिरिक्त युवा लक्षित विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको छ । महिलाहरूको लागि सिलाइ, उन्नत सिलाइ, वुटिक र पाक शिक्षाको तालिम सञ्चालन गरेको छ भने युवाहरूलाई लक्षित गरी चिनियाँ भाषा, नेपालभाषा लिपिसम्बन्धी तालिम र प्राथमिक विद्यालय लक्षित गरी मन्टेश्वरी शिक्षण सिकाइ तालिम पनि दिइरहेको छ । युवाहरूलाई रेडियो प्रस्तोता तथा प्राविधिक सीपसम्बन्धी तालिम यही जेठ २० गतेदेखि सुरू हुने जानकारी गराउँदछौं ।

**१४) पर्यटन**:

यस वर्षको बितेको १० महिनामा भक्तपुर भ्रमण गर्ने पर्यटकहरूको सङ्ख्या १,९७,७८५ पुग्यो । त्यसमध्ये गैर सार्क देशका १,१६,६५७ र सार्क देशका ८१,१२८ जना रहेका छन् । गत वर्ष सोही अवधिमा १,५६,१२२ जना विदेशी नागरिकले भक्तपुर भ्रमण गरे । त्यसमध्ये गैर सार्क मुलुकका ९९,१७६ जना र सार्क मुलुकका ५६,९४६ जना थिए । भक्तपुर आउने पर्यटकहरू गत वर्षभन्दा २६.६९ प्रतिशतले वृद्धि भएको छ ।

**१५) भूकम्प पीडित परिवारहरूको व्यवस्थापन**:

२०७२ सालको भूकम्पले भनपा क्षेत्रभित्र पूर्ण र आंशिक गरी कूल ८००० भन्दा बढी निजी घरहरू, १३० भन्दा बढी सम्पदाहरू भत्के भने २५२ जनाको ज्यान गयो । भूकम्पबाट क्षतिग्रस्त घरहरू र सम्पदाहरू पुन: निर्माणमा भनपाले जोड दिंदै आएको छ । भूकम्प पीडितहरूले घर निर्माण गर्दा माटो जोडाइमा १०० प्रतिशत र सिमेन्ट जोडाइमा ७५ प्रतिशतसम्म नक्सा दस्तुर छुट दिने निर्णय गऱ्यो । ५२०० भन्दा बढी भूकम्प पीडितहरूले पहिलो किस्ता रू. ५०,०००/ पाएकोमा १,२३८ परिवारले दोस्रो किस्ता र ९१८ जनाले मात्रै तेस्रो किस्ता प्राप्त गर्न सिफारिस लिएका छन् । मोहियानी हक, गुठी जग्गा, दर्ता नभएको जग्गा, बहुस्वामित्वका घर वा अदालतमा परेका मुद्दाहरूका कारणले पनि अधिकांश भूकम्प पीडितहरूले सरकारले दिएको रकम प्राप्त गर्न सकेका छैनन् । सरकारले पहिलो किस्ताबापत दिएको रकम घरको जग हाल्न ज्याला पनि नपुग्ने भएको कारण धेरैजसो पीडितहरूले घर बनाउन सकेका छैनन् । घर बनाउन नसकेका पीडितहरूको लागि सरकारले दोस्रो र तेस्रो किस्ता एकमुष्ट दिने व्यवस्था मिलाउन आवश्यक छ ।

**१६) कला-संस्कृति संरक्षण**:

भक्तपुर वर्षैभरि विभिन्न सांस्कृतिक गतिविधिहरू भइरहने नगर हो । सांस्कृतिक राजधानी मानिएको भक्तपुरमा मूर्त र अमूर्त थुप्रै सम्पदाहरू छन् । संरक्षणको अभावमा कैयौं सम्पदाहरू लोप भइसकेका छन् भने कतिपय सम्पदाहरू लोपोन्मुख अवस्थामा छन् । भनपाले स्रोत र साधनको आधारमा ती सम्पदाहरूको संरक्षण गर्दै आएको छ । भूकम्पबाट क्षतिग्रस्त मठ, मन्दिर, पाटी, पौवा, पोखरी, देवालय, शिवालय आदिको संरक्षणका कामहरू भइरहेका छन् ।

भक्तपुर टौमढीदेखि नासमनासम्मको सडकमा ढुङ्गा छाप्ने कार्य भइरहेको छ भने भनपा वडा नं ९ स्थित दतात्रय चोकमा पनि उपभोक्ता समितिमार्फत ढुगा छाप्ने काम सुरू भएको छ । अन्य ठाउँहरूमा पनि ढुङ्गा छाप्ने कार्यको तयारी भइरहेको छ । भक्तपुर नगरको मुख्य सडक च्याम्हासिंहदेखि भार्वाचोसम्म ढुङ्गा छपाइ र भाज्या पोखरीको सुधारको लागि प्रस्ताव गरिएकोमा सहरी विकास तथा भवन विभागले रू. ११ करोड ८१ लाखको योजना स्वीकृत गरेको छ । भनपा वडा नं. ७ स्थित हनुमानघाटमा घाट सुधारको निम्ति रू. ३ करोडको योजना स्वीकृत भई टेण्डर भइसकेको छ ।

परम्परागत संस्कृतिलाई प्रोत्साहित गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको आयोजनामा २०७४ कार्तिक २५ गते बाँसुरी बाजा प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा नगरका २१ वटा बासुरी बाजा समूहले भाग लिएका थिए । गाईजात्रा महोत्सव २०७४ को आयोजना गरी गाईजात्रामा प्रस्तुत भएका सांस्कृतिक विधाहरूलाई पुरस्कारको व्यवस्था गरियो ।

जनज्योति पुस्तकालय दरवार क्षेत्रबाट आजै भनपा वडा नं. २ स्थित देको-मिवा-इटापाके आवास योजनाको कार्यालय रहेको भवनमा सञ्चालन प्रारम्भ भयो । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें ( रोहित) ले आजै उक्त पुस्तकालयको उद्घाटन गर्नुभयो । पाठकहरूको माग र विद्यार्थीहरूको आवश्यकतालाई ध्यानमा राखेर साहित्य, दर्शन, इतिहासलगायत विभिन्न नेपाली र अङ्ग्रेजी भाषाका करिब ५ लाख रूपैयाँ बराबरको नयाँ पुस्तक खरिद गरी पुस्तकालयमा राखिएको छ । त्यस्तै पुस्तकालयमा सीसी क्यामराहरू जडान गरिएका छन् ।

**१७) खोला सुधार**:

नगर सफा भए पनि भक्तपुर नगरबाट बग्ने हुनमन्ते र खासाङखुसुङ खोला फोहर भएको जनगुनासो छ । ढलको पानी सिधै खोलामा नपठाउन नगरपालिकाका पदाधिकारीहरू र नेपाल सरकार आयोजना कार्यान्वयन निर्देशनालय (पीआइडी) का पदाधिकारहरूबीच पटक पटक छलफल गरी दुईवटै खोलाको दुवै किनारामा फोहर बग्ने ढल राख्ने कार्य भइरहेको छ । ती ढलहरू सल्लाघारीको उपचार पोखरीमा लगेर जोडिने योजना छ ।

सल्लाघारी र हनुमानघाटमा रहेको उपचार पोखरी प्रयोगमा ल्याउने प्रयास भइरहेकोमा सल्लाघारीको उपचार पोखरीको निर्माण कार्य सुरू भएको छ भने हनुमानघाटको उपचार पोखरी पुन: प्रयोगमा ल्याउन नेपाल सरकार र एसियाली विकास बैङ्कबीच सम्झौता भई कार्य अगाडि बढिसकेको छ । खोलामा माटो भरिन गई खोलाको सतह माथि आएको कारण करोडौं रूपैयाँ खर्च गरेर माटो झिक्ने कार्य पनि नगरपालिकाले गरेको छ ।

**१८ सञ्चार जगतमा भक्तपुर नगरपालिका**:

भक्तपुर नगरपालिकाले गर्दै आएका विकास निर्माण तथा जनचेतनामूलक गतिविधिहरू नगरवासीहरूलाई जानकारी दिने उद्देश्यले २०७४ चैत २० गतेदेखि भक्तपुर एफएममा प्रत्येक मङ्गलबार बेलुका ७ बजेदेखि ८ बजेसम्म 'ख्वप स: भक्तपुर आवाज' कार्यक्रम प्रसारण भइरहेको छ । नगरपालिकाले निकट भविष्यमा टेलिभिजन कार्यक्रम प्रसारण गर्ने तयारी गरिरहेको पनि जानकारी दिन चाहन्छौं ।

**१९. वडा कार्यालय भवन निर्माण**:

भनपा वडा नं. १ मा व्यवस्थित वडा कार्यालय नभएकोले सेवाग्राहीहरूले निकै समस्या भोग्नु परिरहेको हुँदा भक्तपुर मिनिवस पार्कमा वडा कार्यालय भवन निर्माण कार्य सुरू भएको छ ।

**२०. जनप्रतिनिधिहरूबाट सामाजिक सुरक्षा भत्ता वितरण**:

ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई नेपाल सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता नगरभित्रका सबै वडाहरूमा जनप्रतिनिधिहरूमार्फत वितरण गर्दै आएका छौं । यसले ज्येष्ठ नागरिकहरूले बैङ्कमा गइरहने झन्झटबाट मुक्ति पाएका छन् ।

**२१. बिस्केट जात्रा शान्तिपूर्ण रूपमा मनाउन भनपाको प्रयास**:

प्रसिद्ध बिस्केट जात्रालाई शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न गर्न नगरपालिकाले पटक-पटक सरोकारवालाहरूको बैठक बोलाउने, ठाउँ-ठाउँमा सीसी क्यामेरा राख्ने, प्रमुख ठाउँहरूमा बत्तीको व्यवस्था गर्ने, माइकिङ गरी सर्व-साधारणलाई सचेत पार्ने र जन प्रतिनिधिहरूकै पहलमा जात्रा सञ्चालन गर्ने जस्ता कार्यहरू गरेको थियो । यसले तुलनात्मक रूपमा यस वर्षको बिस्केट जात्रा शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न भएको धेरैले प्रत्यक्ष अनुभव गरे ।

अन्त्यमा, भक्तपुर नगरका जनताको अपार माया र विश्वास पाएर हामी एक वर्षअघि निर्वाचित भयौं । हामीले नगरवासीहरूसँग निरन्तर छलफल र सल्लाह गरी नगरको विकास निर्माण तथा सरसफाइको निम्ति काम गर्दै आएका छौं । नगरवासीहरूले जुन विश्वासले नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरूलाई जिताउनु भयो त्यही विश्वासअनुसार काम गर्दै जाने विश्वास दिलाउन चाहन्छौं ।

*- स्रोत: भक्तपुर नगरपालिका*

# अरबमा नेपाली पशुसरह बेचिंदैछ, "वामपन्थी" सरकार




काठमाडौं, २१ जेठ । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले नेपाली मानव तस्करहरूले संयुक्त अरब इमिरेट्सको अजमान र कुवेतको कुवेत सिटीमा नेपाली घरेलु कामदार आपूर्ति गर्ने कार्यालय नै खोलेर खसी, बोका बिक्री गरेझैं छानी छानी नेपाली घरेलु कामदार बिक्री गर्ने गरेको र त्यस्ता मानव तस्करलाई नेपालकै उच्च राजनीतिक तहबाटै संरक्षण प्राप्त भएको हुन सक्ने त्यहाँका सरकारी पदाधिकारी र नेपाली समुदायको आशंका रहेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

प्रतिनिधिसभाको विशेष समयमा बोल्दै सांसद सुवालले तत्कालीन संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको बैठकमा २०७४ साउन २४ गते पेश भएको प्रतिवेदनमा गाउँ-गाउँसम्म नेपाली मानव तस्कर पुगेर सोझा-सीधा नेपाली दिदीबहिनीहरूलाई राम्रो काम र मनग्य कमाई हुने आश्वासन दिएर काठमाडौं ल्याउने र उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलबाटै भ्रमण (भिजिट) भिसा वा सेटिङ्गमा वा तेस्रो मुलुकको बाटो हुँदै संयुक्त अरब इमिरेट्स वा कुवेत पुऱ्याउने र त्यहाँबाट खाँडीका अन्य मुलुकमा सप्लाई गर्ने गरेको उल्लेख भएको तर सरकारले प्रतिवेदनअनुसार कारबाही अघि नबढाएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुवालले खुलेआम नेपाली महिलाहरूको खरिद-बिक्री भइरहँदा पनि त्यस्ता मानव तस्करहरूलाई निकाला (डिपोर्ट) गरी कानुनी कारबाही गर्न नेपाल सरकारको तर्फबाट कुनै पहल नभएको उल्लेख गर्दै एउटा खाँडी मुलुकबाट अर्को खाँडी मुलुकको स्थलगत मार्गबाट गाडीको डिकीमा समेत राखेर कामदार ओसारपोसार गर्ने गरेको प्रतिवेदनमा उल्लेख गर्नुभयो ।

यस्तो अवैध धन्दाको विमानस्थलमा कार्यरत अध्यागमनका कर्मचारी, सुरक्षाकर्मी, वायु सेवा कम्पनीका कर्मचारी र विचौलीयाहरूको प्रत्यक्ष संलग्न रहेको प्रतिवेदनको विषय उल्लेख गर्दै सांसद सुवालले भारतसँगको खुला सिमानाको कारण पनि मानव तस्कर रोक्न नसकिएको चर्चा गर्नुभयो ।

सांसद सुवालले दश महिना अघिको सो प्रतिवेदनअनुसारको समस्या समाधान गर्न सरकारले के कति काम गऱ्यो, उच्च राजनीतिक तहमा सरकारमा गएका पार्टीका कुन-कुन नेता र सरकारी पदाधिकार संलग्न छन् भन्ने प्रश्नबारे संसदलाई जानकारी गराउनु आवश्यक छ ।

विशेष समयमा नेका, एमाले र माओवादीका सांसदहरूले पनि सडक निर्माणका ठेकेदारहरूले मोबिलाइजेशन फण्ड २० प्रतिशत प्राप्त गरी घरजग्गा र गाडीमा लगानी गरी ऐयासी जीवन बिताइरहेको र निर्माण कार्य नगरेकोतर्फ सरकारको ध्यानाकर्षण गराएका थिए ।

बैठकमा शिक्षामन्त्री गिरिराजमणि पोखरेल र आपूर्ति मन्त्री मातृकाप्रसाद यादवले सार्वजनिक महत्वका विषयमा वक्तव्य दिएका थिए ।

मन्त्रीले सार्वजनिक वक्तव्य दिएपछि सांसदहरूले प्रश्न गर्न पाउने अन्तरिम कार्यविधि हो । तर सभामुखले तयारी नपुगेको हुँदा प्रश्न गर्न समय दिन नसक्ने बताउनुभयो ।

संसदको नियामावलीको छलफल र पारित गर्ने कार्यसूची पनि थियो । तर नियमावलीमा फौजदारी अभियोगमा पक्राउ परेका सांसद निलम्बन गर्ने वा नगर्ने विषयमा सहमति जुटाउन नियमावलीबारे छलफल र पारित गर्ने कार्यसूची हटाइयो ।

बैठक जेठ २५ गते दिउँसो १ बजेलाई स्थगित गरिएको छ । जेठ २७ गते असार ५ गतेसम्म विनियोजन विधेयकबारे छलफल गर्ने कार्यसूची राखिएको छ ।

# धूमपानले कसरी गर्छ मुख र स्वास्थ्यमा असर ?

– डा. सुनिता खनाल र डा. रोजिना भट्टराई

मानिसको व्यक्तित्व जान्न उसको पोशाक, बोली र व्यवहार हेरेरमात्र पुग्दैन । उसले हाँस्दा, बोल्दा देखिने दाँत, फेर्ने सासले समेत व्यक्तित्वमा प्रभाव पार्छ । बोल्न थाल्दा सास गन्हायो, हाँस्दा दाँतभरी लेउ, फोहोर देखियो भने हामी सकेसम्म त्यस्ता व्यक्तिको वरिपरि नै पर्न चाहँदैनौं ।

हामीमध्ये धेरैलाई लाग्न सक्छ कि चुरोट र सूर्तिले हाम्रो दाँत र मुखका विभिन्न भागलाई असर गर्छन् । सूर्तिजन्य पदार्थ चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ति, खैनी, सुपारी र गुट्खालगायतको अत्यधिक प्रयोगले हाम्रो दाँत मात्र नभएर मुखभित्रको गिजा, छालामा समेत नराम्रो असर गरिरहेको हुन्छ ।

धेरैलाई सुपारीले केही हुँदैन भन्ने लाग्न सक्छ । तर यस्तो होइन । धुम्रपानले मुखभित्र असर गरिरहेको भएपनि ठूलो समस्या नआएसम्म हामीलाई थाहा हुँदैन । धेरैको दाँतको नियमित जाँच गर्ने बानी हुँदैन । जसले कस्तो समस्या आइरहेको छ भन्ने थाहा हुँदैन र उपचारमा ढिलाई हुँदा समस्या देखिन थालेको छ ।

पुरुषमात्र होइन महिलाहरु पनि धूमपान गरिरहेका पाइन्छन् । किनकि अस्पतालमा दाँतको समस्या भएर आउनेमध्ये धेरैलाई धूमपानको प्रयोग पनि समस्या भइरहेको पाइन्छ । विशेषगरी श्रमिक, गाडी चालक तथा तिनका सहयोगी, किसान र गृहिणीहरु बढी दाँत तथा गिजाको समस्या लिएर अस्पताल आउने गरेको पाइएको छ ।

घरमा बस्ने गृहिणीहरुको दिनभर काम नहुने भएकाले तलतल लागेर सुरुमा सुपारी खाने बानी बसाल्छन् र त्यसैलाई लत बनाएको पनि पाइएको छ ।

सुर्तिखैनी, गुट्खा खाए काम गर्न आनन्द हुन्छ भन्ने भ्रम पनि भएकाले धेरैले गलत आदत बसालेका हुन्छन् । हामी दन्त शिविरमा उपत्यकाबाहिर जाँदा पनि तराईमा गुट्खा, पान, सूर्ति, चुरोट र पहाडमा बिँडी, सूर्ति, खैनी, चुरोट बढी प्रयोग गर्ने गरेको पाइन्छ । कतिपयले निकै समयदेखि समस्या हुँदा पनि बाहिर देखाउँदैनन् ।

धूमपान गर्नेहरुलाई पछि गएर मुखको क्यान्सर हुन्छ । यस्तो लत भएकालाई निम्न समस्या देखिन्छन्:

- मुखमा रातो, सेतो दाग देखिने जुन पछि गएर क्यान्सर हुन सक्छ
- दाँतमा पहेंलो अथवा कालो दाग देखिने
- गिजाले आफ्नो ठाउँ छाड्ने
- दाँत माझ्दा रगत आउने, हल्लिने
- मुखभित्रपट्टि गालामा घाउ हुने
- मुख खोल्न नमिल्ने, यसका कारण खानबोल्न समस्या हुन्छ
- गिजा दुख्ने, सुन्निने
- दाँत कमजोर हुने
- मुखको तालु, जिब्रो, भित्री गालामा हुने नरमपन हट्दै जान्छ, जसले मुख खोल्न समस्या हुन्छ ।
- पिरो, अमिलो खाँदा पोल्ने

माथि उल्लेख गरिएका जस्ता समस्याको समयमै उपचार गराइएन भने त्यसले जटिल रुप लिन सक्छ । मुखको क्यान्सर धेरै पुरुषमा देखिने भएपनि पछिल्लो समय महिलामा पनि देखिन थालेको छ ।

हामीकहाँ आउने बिरामीहरु भित्री गाला, ओठभित्र रातो, सेतो दाग देखिन थालेपछि, मुख खोल्न गाह्रो हुने, दाँतबाट धेरै रगत आउनेजस्ता समस्या निकै बढेपछि मात्र आउनुहुन्छ ।

यस्ता बिरामीको समस्या, उपचारको प्रक्रिया हेरी निको हुन एक हप्तादेखि एक वर्षसम्म समय लाग्छ । त्यसैले धूमपान र सूर्तिजन्य पदार्थको प्रयोग आजैबाट त्यागौं । स्वस्थ र स्मार्ट बनौं ।

(डाक्टरद्वय खनाल र भट्टराई कान्तिपुर डेन्टल अस्पतालमा स्नातकोत्तर तेस्रो वर्ष (कम्युनिटी दन्त चिकित्सा) अध्ययनरत छन् ।)

- स्वास्थ्य खबर


KIPU SCIENTIFIC TRADERS
(SCIENCE & SURGICAL HOUSE)
Kirtipur Branch, Nayabazar
Head Office: Tripureshwor, Ph. No.: 014252365
Email: shankarmaharjan39@gmail.com, Mob. No.: 9851007840, 9841301590

अब कीर्तिपुरमा



हाम्रो सेवाहरू:
१) SCIENCE LAB को लागि चाहिने सम्पूर्ण सामानहरू
२) HOSPITAL, CLINIC, PATHOLOGY LAB का साथै SURGICAL सम्बन्धि सम्पूर्ण सामानहरू
३) तितेपाती (ARTEMESIA) तेलका साथै विभिन्न जडिबुटीका तेलहरू
४) बैज्ञानिक अनुसन्धान, शैक्षिक प्रयोगशालाका ग्लास, उपकरणहरू डिजाइनिङ्, उत्पादन तथा मर्मत
५) MATH LAB को लागि चाहिने आवश्यक सामानहरू

स्थान : शहीद स्मारक कलेज जाने बाटो
कीर्तिपुर गेटसँगै, नयाँबजार
सम्पर्क नं. : ९८५१००७८४०, ९८४१३०१५९०
त्रिपुरेश्वर शोरूम : ०१-४२५२३६५

Deals in: Lab Chemicals, Glassware, Apparatus, Surgical, Veterinary, Agriculture, Research, Industries, School, Campus, Hospital Equipments etc.



ज्यारेन्टी उपचार
नशा छ्यापिएको धुँडाको दुखाई
आश्चर्यजनक रुपमा ग्यारेन्टी निको पार्ने
◆ जाँड-रक्सीको कुलत ग्यारेन्टी छुटाउने
◆ मधै नबारीकन सुगर कन्ट्रोल गर्ने
◆ महिला/पुरुषको यौन पावर बढाउने
◆ पेटको दाग अनुहारको चाँयापोतो हटाउने
◆ भुँडी घटाउने/शरीरको तौल बढाउने
◆ स्तन घटाउन, बढाउन/टाईट पार्ने
फिटनेस पाउडर ट्रेडिङ्ग
दूरसंचारको गेटसँगै
फोन नं. ४३३६७०१
९८०३५०२२५९, ९८४१९८९१७६
Free Home Delivery
Not For Medicinal Use



हिरो/हिरो होण्डा मोटरसाइकल तथा स्कूटरका ग्राहकहरूको लागी सुवर्ण अवसर
"हिरो फ्रि सर्भिस कयाम्प"

यस कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि. र नेपालको लागि हिरो मोटरसाइकल तथा स्कूटरको आधिकारिक बिक्रेता श्री नेपाल जनरल मार्केटिङ्ग प्रा.लि.को संयुक्त आयोजनामा निम्न अनुसारको मिति, समय र स्थानमा दक्ष प्राविधिकहरूद्वारा हिरो/हिरो होण्डा मोटरसाइकल तथा स्कूटरहरूको फ्रि सर्भिसिङ्ग क्याम्प सञ्चालन हुने सहर्ष जानकारी गरिन्छ । उक्त फ्रि सर्भिस क्याम्पमा फ्रि सर्भिसिङ्ग सुविधा दिनुको साथै १०% छुटमा स्पेयर पार्टसहरू समेत उपलब्ध गराइन्छ । हिरो/हिरो होण्डा मोटरसाइकल तथा स्कूटरका ग्राहकहरूले उक्त फ्रि सर्भिस क्याम्पमा सहभागी हुनु भई लाभ उठाउनु हुन अनुरोध गरिन्छ ।

नाम दर्ता गर्ने : २०७५/०२/२९ देखि २०७५/०३/०३ गतेसम्म
समय : कार्यालय समयभित्र (बिहान १०:०० बजेदेखि ४:३० बजेसम्म)
स्थान : कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.

फ्रि सर्भिस कयाम्प हुने:
मिति : २०७५ साल असार ३, ४ र ५ गते
समय : बिहान १०:३० बजेदेखि ३:०० बजेसम्म
स्थान : कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था प्राङ्गण

Hero
नेपाल जनरल मार्केटिङ्ग प्रा.लि.
कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.
फोन नं. ४३३०६०९, ४३३५५५१